# ऐसेलुखर्क गाउँपालिका,

ऐसेलुखर्क, खोटाङ

कोशी प्रदेश, नेपाल

# बार्षिक नीति तथा कार्यक्रम

## आ.व.२०८२/०८३

<u>प्रस्तुत कर्ताः</u>

श्री गीरेन्द्र बहादुर राई

ऐसेलुखर्क गाउँपालिका अध्यक्ष

सम्वत २०८२ साल असार १० गते, मंगलबार

**ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८२।०८३ का लागि वार्षिक नीति तथा कार्यक्रम**

**सम्मानित गाउँसभा सदस्य ज्यूहरु,सभाका सचिव ज्यू, ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी, पत्रकार मित्रहरु साथैविभिन्न सञ्चार माध्यम तथा विभिन्न सामाजिक सञ्जालबाट प्रत्यक्ष रुपमा देश-विदेशमा रहेर सुनिरहनु भएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ तथा दिदी बहिनीहरु।**

आज यस सम्मानित एवं गरिमामय सभामा ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०८२/०८३ कोवार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु ।

यस घडीमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाको लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नु हुने महान ज्ञात अज्ञात वीर अमर सहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा त्याग र नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने अग्रज व्यक्तित्वहरुमा उच्च सम्मान व्यक्त गर्दछु ।

**"विकासका वरिपरी जनता होइन जनताका वरिपरी विकास"** भन्ने भनाइ र **"जनप्रतिनिधीहरु जनताका सेवक हुन तर शासक होइनन्"** भन्ने मूल मान्यतालाई मुख्य मार्गदर्शक सिद्धान्तको रुपमा स्थापित गर्न विकासका हरेक गतिविधिमा जनताहरुलाई केन्द्रविन्दुमा राखी लोकतन्त्रको आधारभूत मूल्य, मान्यता, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, सामाजिक न्याय, सहकारीता, सहअस्तिन्व र समन्वयको सिद्धान्तलाई आत्मसात गरी विधिको शासन अवलम्बन गर्दै अगाडी बढ्न पूर्ण प्रतिवद्ध छौं । गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई सन्तुलित रुपमा अगाडि बढाउन स्थानीय सरकार दृढ छ । सोही कुरालाई मध्यनजर गर्दै **"सुन्दर, सिर्जनशिल र समृद्ध ऐसेलुखर्क निर्माण"** भन्ने मूल नारालाई सार्थक बनाउन हामीले बोकेको दिर्घकालिन सोच र हाम्रा सुन्दर सपना पुरा गर्न सार्वभौभ नागरिकको विकास प्रतिको चाहाना र आबश्यकताहरुलाई सिमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमबाट सहज र सरल ढंगले समाधान र परिपूर्ति गर्ने प्रयत्न गरेको छौं र हामीले जनताहरु सामु गरिएका हाम्रा बाचा र प्रतिबद्धता पुरा गर्न अनवरत लागी रहने समेत निवेदन गर्न चाहान्छु ।

स्थानीय सरकारको प्रमुख र महत्वपुर्ण वित्तीय स्रोतको रुपमा संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने वित्तीय हस्तान्तरण रहेको छ ।यद्यपी वित्तीय हस्तानतरणको खुम्चदो आकार तथा पुर्व सुनिश्चित हुनुपर्ने वित्तीय हस्तान्तरणको हिस्सा समेत संघ सरकारबाट घटेर प्राप्त हुँदा स्थानीय तहको पुर्व घोषित बजेट प्रणालीको सन्तुलन बिग्रिएको अवस्था छ । यसले वित्तीय संघीयतामा चुनौती थपेको छ । फलस्वरुप हामीले पूर्वनिर्धारित रुपमा जनतासामु ल्याएका कतिपय विकास निर्माणका लोक कल्याणकारी कार्यहरु समेत सम्पादन गर्न नसक्दा आम नागरिकमा पर्न गएको असर प्रति हामीलाई दुःख लागेको छ । तथापी प्राप्त श्रोतलाई भरपुर उपयोग गर्दै दिगो, योजनावद्ध, समन्यायीक, फराकिलो, मागमा आधारित सहभागितामूलक विकासका निम्ति प्रतिवद्ध रही अगाडी बढेको कुरा स्मरण गराउन चाहान्छु ।

आज देशकै निकै भयाबह समस्याको रुपमा रहेको ठूलो संख्यामा युवा तथा विद्यार्थीहरु आफ्नो देशबाट खाडी क्षेत्र लगायत अन्य तेस्रो मुलुकमा विदेशिनु पर्ने दर्दनाक अवस्था र वाध्यताले हाम्रो देशलाई पिरोलिरहेको छ। आन्तरिक र बाह्य बसाइँ सराइको कारण नेपालका गाउँघर उजाड बन्दै खेती योग्य जमिन दिनानु दिन बाँझो हुँदै गइरहेको छ । यो राष्ट्रिय स्तरमा देखिएको विद्यमान परिवेशबाट हाम्रो ऐसेलुखर्क गाउँपालिका पनि अछुतो छैन । स्थानीय श्रम र सीपको व्यापक परिचालन गरी आर्थिक विकासका कार्यक्रम मार्फत युवालाई स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जना गरी विदेश पयालन हुनबाट रोक्नु पर्ने देखिन्छ । यसका लगि गाउँपालिका क्षेत्रमा बसोबास गर्ने स्थानीय नागरिकको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक लगायतका क्षेत्रमा बजेट विनियोजन गरी पूर्वाधारजन्य र मानवीय संसाधनको क्षेत्रमा हरेक वर्ष योजना तथा कार्यक्रमहरु सञ्चालन गरी सिप विकास, उद्यम विकास र विकास निर्माण मार्फत रोजगारी सिर्जना गरी आम नागरिकहरुको गरिवी न्यूनीकरण गरी जीवनस्तर उकास्न निरन्तर प्रयास गरिरहेको कुरा अवगत गराउन चाहान्छु ।

नेपालको संविधान, २०७२, अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको रहेको छ । यी सरकारले राज्य शक्तीको प्रयोग सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा गर्ने व्यवस्था भए अनुरुप विकासका हरेक गतिविधिहरुमा तीनवटै सरकारको समन्वय र सहकारिता हुन आबश्यक देखिन्छ । संघ र प्रदेश सरकारबाट स्थानीय सरकारसँग समन्वय नहुदा कतिपय विकास निर्माणका काममा दोहोरोपना आउने, आबश्यकताका आधारमा सन्तुलित र बस्तुनिष्ठ ढंगले विकास

आयोजना छनौट नहुने समस्या स्थानीय तहहरुले भोग्नु परिरहेको छ । स्थानीय तहको सर्वोपरी विकासमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय, सहकारीताका साथ अघि बढ्न गाउँपालिका सदैव प्रतिबद्ध रहेको छ ।

ऐसेलुखर्क गाउँपालिका एउटा छुट्टै इतिहास र पहिचान बोकेको गाउँपालिका हो । समुद्री सतहदेखि ५०९ मिटर देखि ३४६९ मिटर सम्म उचाइ भएको विविध जलबायु, विविध भु-बनावट र धार्मिक, सामाजिक र सास्कृतिक विविधता भएको गाउँपालिका हो । थोरै स्रोत साधनले सबै क्षेत्रको सन्तुलित विकास गर्न, करको दायरा बृद्धि गरी वित्तीय स्रोतमा आत्मनिर्भर बन्न, छरिएको बस्तीका कारण विकास खर्च घटाउन आदि जस्ता अनेकौ चुनौतिहरु हुँदा हुदै पनि ऐसेलुखर्क गाउँपालिकामा पर्यटन विकास, विद्युत विकास, कृषि बाली, नगदेबाली, तेलहन, पशु पालन र फलफुल कृषि बजार बिस्तार गरी आर्थिक वृद्धि, जडिबुटी र बनमा आधारित उद्योग सञ्चालन आदि जस्ता उज्वल सम्भावनाहरु पनि विद्यमान छन् । सीमित स्रोत साधनको बावजुद हामीले चुनौतीका ति पहाडहरुलाई चिर्दै ती तमाम समस्याहरुको समाधान गर्ने क्रममा संभावनालाई नै उपलब्धीको रुपमा रुपान्तरण गर्न सक्छौ भन्ने आत्म विश्वास र दृढ इच्छा शक्तिका साथ अगाडी संकल्प गर्दै गाउँपालिकाको विकासको यो मूल अभियानमा यस भूगोल भित्रका सबै राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवी र आम नागरिकहरु र विकास प्रेमी सबैलाई ऐकेवद्धता हुन हार्दिक आब्हान समेत गर्दै आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम मार्फत गाउँपालिकाको भावी तस्विरलाई सामुन्नेमा राखेको छु ।

सर्वप्रथम यस सम्मानित सभामा चालु आ.व. २०८१/०८२ मा यस ऐसेलुखर्क गाउँपालिकाबाट सम्पादन भएका महत्वपूर्ण तथा मुख्य उपलब्धिहरुको समिक्षा तथा स्मरण गर्न र गराउन चाहन्छु ।

## (क) आर्थिक विकास

### १. कृषि तथा पशु सेवा

- अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकिकरण कार्यक्रम (थ्रेसर, मिनि पावर टिलर, मिल, चाँपकटर आदि) ८० प्रतिशत अनुदानमार्फत कृषि उपजको उत्पादन लागत घटाउन तथा कृषकको कार्यबोझ घटाउने उद्देश्यका साथ मिनि पावर टिलर-६, कम्वाइन मिल-७, मल्टिक्रप थ्रेसर-५, इलेक्ट्रिक

मदानी-२४ गरी कुल ४२ कृषक तथा कृषक समूहहरुलाई कृषि औजारतथा उपकरण वितरण गरिएको छ ।

- आयातित तेललाई प्रतिस्थापन गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न र गाउँपालिकाबासीलाई शुद्ध तेलमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ तेलहन बाली प्रवर्द्धन अनुदान कार्यक्रम अन्तर्गत तोरी खेती गर्ने २६७ जना किसानहरुलाई तोरी खेती प्रवर्द्धन अनुदान उपलब्ध गराइएको छ । किसानको खेतबारी तथा घरमा पुगेर उत्पादन तथ्याङ्क संकलन गरी उत्पादनको आधारमा २६७ घरधुरीबाट कुल १४,८९८ के.जि. तोरी उत्पादन भएको छ । जुन गत आ.व. भन्दा ५,५६२ के.जि. बढि हो ।
- किसानको घर, गोठमा पशु प्राविधिक पुगी पि.पि.आर.-१२,०००, HS/BQ-१,५००, खोरेत- २,५०० स्वाइन फिभर-३,००० खोप लगाई भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिएको छ । जसको कारण गाउँपालिकाभित्र यो रोग हालसम्म देखिएको छैन ।
- पशुपन्छी परजिवी नियन्त्रणको लागि किसान दाजुभाइ तथा दिदीबिहनीहरुले पाल्नु भएका पशु वस्तुहरुमा भएको परजिवीको पहिचान गर्न स्थलगत रुपमा किसानहरुको घरआगन तथा गोठमा नै सेवा पुऱ्याउन पशुपन्छी परजिवी नियन्त्रण कार्यक्रम अन्तर्गत २७,२२६ वटा Parasite Treatment गरिएको छ ।
- मह उत्पादनमार्फत कृषकको आय आर्जनमा सुधारको लागि मौरी पालक २६ कृषकहरुलाई आधुनिक मौरी घार प्रदान गरिएको छ ।
- किवी थाग्रा एग्रोनेट सहित सहयोग कार्यक्रम (५० प्रतिशत) अन्तर्गत किवी उद्योगका २४ जना कृषकहरुको किवी थाक्रा तथा एग्रो नेट व्यवस्थापन गरी किवी फार्म सुधार गरिएको छ ।
- बाख्रा पकेट कार्यक्रम अन्तर्गत १० वटा व्यवसायिक कृषि फार्महरुको गोठ, खोर सुधार तथा व्यवस्थापन गरिएको छ ।
- कृषकहरुको पशु स्वास्थ्य व्यवस्थापन कार्यक्रम अन्तर्गत मेडिकल उपचार-२५,७१२, माइनर सर्जिकल उपचार-१०३, गाइनोक्लोजिक उपचार-५२, पशु बन्ध्याकरण-४४१ उपचार सेवा प्रवाह गरिएको छ ।
- मकै तथा कोदो जस्ता खाद्यान्न बालीमा लाग्ने फौजी किरा, सुन्तलामा पतरो किरा, अमिलो जातका फलफुल र आँपमा औशा किरा नियन्त्रणको लागि

आकस्मिक बाली संरक्षण सेवा सञ्चालन गरी साईपरमेथिन, क्लोरोपाईरीफस, फरोमेन ट्र्याप वितरण गरिएको छ ।

## २. सहकारी, रोजगारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता,सशक्तिकरण, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम

- प्रधानमन्त्री रोजगार कार्यक्रम (हाल राष्ट्रिय रोजगानर कार्यक्रम) अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना आई.डि.ए. बाट सोधभर्ना हुने सशर्त अनुदान रोजगारी सिर्जनाको लागि प्राप्त रु. २७ लाख ३९ हजार बजेटबाट वडा नं. १, ३, ४,५ र ६ मा ८ वटा आयोजनामा आ.व. २०८१/०८२ मा बेरोजगार सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये ४० जनालाई न्यूनतम १०० दिनको रोजगारीमा खटाइएको छ। जसबाट ३,९६४ दिन रोजगारी सिर्जना भएको छ।
- नेपाल सरकारबाट सशर्त अनुदान रकम अन्तर्गत रोजगारी सिर्जनाको लागि प्राप्त रु.२३ लाख ८० हजार बजेटबाट आ.व. २०८१/०८२ मा बेरोजगार सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये ३५ जना बेरोजगार व्यक्तिहरुलाई वडा नं. २, ५ र ७ मा ६ वटा आयोजना सञ्चालन गरी न्यूनतम १०० दिनको रोजगारीमा खटाइएको । जसबाट ३,४४५ दिन रोजगारी सिर्जना भएको छ।
- आयोजनालाई दीगो र गुणस्तरीय बनाउनको लागि ८ वटा आयोजनाहरुमा ३*१*१ को १६ थान, २*१*१ को १६४ थान र १.५*१*१ को १९९ थान गरी जम्मा ३७९ थान ग्यावियन बक्स तारजाली गाउँपालिकाले उपलब्ध गराई लागत साझेदारी गरीकुल ६७४.५ घनमिटर ग्यावियन बक्स फिलिङ गरिएको छ ।
- कुल १४ वटा योजना/आयोजनामा १३९४.६ मिटर लम्बाई, औषत ३.१८ मिटर चौडाई, ०.१५ मिटर उचाईको ६६५.८७ घनमिटर सडक सोलिङ गरिएको छ।
- वैदेशिक रोजगारमा गएका कामदारका परिवारको स्वास्थ्य उपचार सहयोगको लागि १ जना लाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सिफारिस गरी सहजिकरण गरिएको छ ।

- वैदेशिक रोजगारीमा जाने ६ जना व्यक्तिको पुनः श्रम स्वीकृतिको लागि सहजिकरण गरी श्रम स्वीकृति स्टिकर उपलब्ध गरिएको छ ।
- उद्यमशिलता विकास तालिममा सम्भावित लघु उद्यमीहरुलाई प्राविधिक सिप विकास तालिम अन्तर्गत वडा नं.-२ बाकाचोल बादेलमा ११ जनालाई आधारभुत तहको ४५ दिने अल्लो प्रशोधन तथा कपडा उत्पादन तालिम र वडा नं.-४ जलेश्वरीमा ९ जनालाई ६० दिने ढाका बुनाई सम्बन्धी सीप विकास तालिम प्रदान गरिएको छ ।
- बेरोजगार महिलाहरुलाई सीप तथा क्षमता विकास गरी स्वरोजगार बनाउने उद्देश्यका साथ व्यूटिपार्लर सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

**(ख) सामाजिक विकास**

**१. शिक्षा, युवा तथा खेलकूद**

- शिक्षण संस्थाहरुको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा मापदण्ड निर्माण गरी शिक्षक दरबन्दी मिलान गरिएको छ।
- प्रधानाध्यापक तथा शिक्षकहरुको मनोवल उच्च राख्नको लागि प्र.अ. सञ्चार खर्च, बालविकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीहरुलाई थप तलब भत्ता तथा विद्यालय मसलन्द उपलब्ध गराइएको छ।
- आधारभूत तहको परीक्षामा उत्कृष्ट हुने विद्यार्थी तथा SEE परीक्षामा सर्वोत्कृष्ट जि.पि.ए. हासिल गर्ने विद्यार्थीलाई सम्मान गर्नुका साथै विविध कार्यक्रम सहित बाल दिवस कार्यक्रम सम्पन्न गरिएको छ।
- विभिन्न संघ संस्थासँग सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, विद्यालयका प्रधानाध्यापकहरुलाई समावेशी शिक्षा र एकिकृत पाठ्यक्रम सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- विभिन्न संघ संस्थाको समन्वयमा बाल क्लब तालिम, निबन्ध लेखन प्रतियोगिता तथा विद्यालयको **SIP** निर्माण सम्बन्धी तालिम सञ्चालन गरिएको छ।
- सुत्केरी बिदामा बस्ने शिक्षकको स्थानमा उक्त अवधिमा विद्यालयको शैक्षिक क्षती न्यूनिकरण गर्दै प्रभावकारी रुपमा पठन पाठन सञ्चालन गर्नको लागि जगेडा शिक्षक कोषको व्यवस्था गरिएको छ।
- SEE परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन नियमित रुपमा अनुगमनको व्यवस्था गरिएको ।

- कक्षा ५ र ८ को पालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्षहरुलाई अभिमुखिकरण कार्य गरी व्यवस्थित रुपमा परीक्षा सञ्चालन, अनुगमन साथै नतिजा प्रकाशनगरिएको ।
- राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन समपन्न गरिएको।
- शिक्षा विकास तथा समन्वय इकाई दिक्तेलबाट विभिन्न मितिमा विभिन्न तहका स्थायी नियुक्ति लिई आएका मा.वि./नि.मा.वि. र प्रा.वि. तृतीय श्रेणीका स्थायी शिक्षकहरुको पदस्थापन तथा व्यवस्थापन गरिएको छ।
- संघीय सरकार अन्तर्गत ICT प्रयोगशाला वितरण कार्य सम्पन्न गरिएको छ।
- विद्यालयहरुका सम्पूर्ण प्रधानाध्यपकहरुको भेला गराई शैक्षिक सत्र-२०८२ को लागि शैक्षिक कार्ययोजनाको खाका निर्माण गरिएको ।
- शैक्षिक सत्र-२०८२ मा ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका विद्यार्थीहरुको अपाङ्गता पहिचान (Early Screening) गरिएको ।
- विद्यालयहरुमा रिक्त हुने शिक्षक तथा कर्मचारीहरुको करार परीक्षा व्यवस्थापन, शिक्षकहरुको का.स.मु मूल्याङ्कन, शिक्षकहरुको सम्पत्ती विवरण फाराम व्यवस्थापन लगायत शिक्षा, युवा तथा खेलकुद शाखाका दैनिक प्रशासनिक कार्य गरिएको ।

**२. स्वास्थ्यः**

- नेपाल सरकारद्धारा निःशुल्क वितरणका लागि सुचिकृत गरिएका औषधि तथा औषधिजन्य सामग्री समयमा नै विद्युतीय खरिद प्रणालीद्धारा खरिद गरी स्वास्थ्य संस्थाहरुमा नियमित औषधि आपूर्ति गरिएको छ।
- मृगौला प्रत्यारोपण, डाईलाईसिस,मेरुदण्ड पक्षघात र क्यान्सर रोग लागेकादीर्घ रोगीलाई उपलब्ध गराइदै आएको औषधी उपचार वापतको खर्च नियमित रुपमा उपलब्ध गराइदै आएको छ ।
- निःशुल्क ग्रामिण भिडियो एक्सरे कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको लागि प्राथमिक स्वास्थ्य केन्द्रबाट साप्ताहिक रुपमा र कार्यतालिका बनाई स्वास्थ्य चौकीबाट समेत भिडियो एक्सरे सेवा सञ्चालन गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका पदहरुमा पदपुर्ति गरी कर्मचारी व्यवस्थापनतथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।

- ज्येष्ठ नागरिक तथा दिर्घरोगी एवं अपांगहरुसँग स्वास्थ्यकर्मी कार्यक्रम प्रत्येक वडा, टोल टोलमा गई निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ ।
- विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान सञ्चालन गरिएको छ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका लागि ऐसेलुखर्क गाउँपालिकाभित्र निःशुल्क एम्बुलेन्स सेवालाई यस वर्ष निरन्तरता रुपमा सेवा उपलब्ध गराइएको छ ।
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत जन्मदेखि ५ वर्षमुनिका बालबालिकाहरुमा हुन सक्ने जन्मदोष तथा अपाङ्गता पहिचान कार्यक्रम सञ्चालन गरिएको छ ।

## ३. खानेपानी, सरसफाई तथा सिंचाईः

- सबै नागरिकलाई स्वच्छ, सफा र गुणस्तरीय खानेपानी उपलब्ध गराउनको लागि ऐसेलुखर्क गाउँपालिका वडा -२ बाकाचोलको झाँक्रीबासमा गाउँपालिका र एक्सन फर नेपालसँगको द्विपक्षीय लागत साझेदारीमा झाँक्रीबास खानेपानी निर्माण आयोजना सम्पन्न गरिएको छ । जसबाट १२२ घरधुरी लाभान्वित भएका छन् ।
- खानेपानीको मुहान संरक्षण गरी सफा खानेपानीमा पहुँच सुनिश्चिता गर्न १४ वटा योजनामार्फत खानेपानीको मुहान संरक्षण, टयाङ्की तथा ईन्टेक निर्माण तथा मर्मत गरिएको छ ।
- जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजनाबाट मुहान संरक्षण कार्यक्रम अन्तर्गत वडा नं-२, ३ र ७ मा ५ वटा पानी मुहान संरक्षण, १ वटा खानेपानी टयाङ्की निर्माण र ६ वटा जलाधार पोखरी निर्माण गरिएको छ ।
- सिचाई सुविधामा कृषकहरुको पहुँच बढाउन ७ वटा सिंचाई आयोजना मर्मत तथा सम्भार भएका छन् ।

## ४. संस्कृति प्रवर्द्धन

- गाउँपालिकाभित्र बसोबासरत विभिन्न जातजाति, धर्म, संस्कार तथा सस्कृतिसँग सम्बन्धित १४ वटा मठ मन्दिर, देविस्थान, गुम्बा, भुमेथान निर्माण तथा मर्मत गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ महेश्वरीमा निर्माणाधिन किरात संग्राहालय भवनको निर्माण अन्तिम चरणमा पुर्याइएको छ ।

**५. महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक**

- नारी दिवसतथा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा महिलाहरुको हक अधिकार तथा लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत एकल महिला, कोभिड-१९ प्रभावित महिला, विपन्न महिला, हिंसा पीडित महिला तथा परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएका परिवारका २५ जना महिलाहरुलाई ५ दिने सिताके च्याउ खेती तालिम प्रदान गरी आर्थिक रुपमा सक्षम गराउन २५ जना महिलाहरुलाई २६ हजारको दरले बीउ पुँजीको रुपमा अनुदान रकम उपलब्ध गराइएको छ ।
- स्थानीय सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार र करुणा फाउण्डेशन, नेपालको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल अद्यावधिक, गृह भेट कार्यक्रम, अपाङ्गता भएका बालबालिकाहरुको लागि घरमा आधारित शिक्षा, अपाङ्गता भएका व्यक्तिहरुको लागि फिजियोथेरापी सेवा, अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह गर्न परिवारका सदस्यहरुलाई सीप तथा क्षमता विकास तालिम प्रदान गरिएको छ ।

**(ग) पूर्वाधार विकासः**

- ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं.-३, ऐसेलुखर्कमा निर्माणाधीन १५ शैय्या अस्पताल निर्माण कार्य सम्पन्न भएको छ ।
- ऐसेलुखर्क फापरश्वरा हुँदै ज्यामिरे वडा कार्यालय सडक स्तरोन्नती कार्य अन्तिम चरणमा पुगेको छ ।
- ऐसेलुखर्क चक्रपथ निर्माणको लागि यस बर्ष २७.३ कि.मी को सम्भाव्यता अध्ययन पुरा गरिएको छ ।

- लिदिङ खोला-राखा-बहाने सडक, ऐसेलुखर्क-लिदिङ खोला सडक लगायत अन्य ३५ वटा सडकहरुको मर्मत तथा स्तरोन्नती गरी यातायातका सवारी साधन सञ्चालनमा सहजता ल्याइएको छ ।
- प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित ऐसेलुखर्क बजार ढलान हालसम्म ५५० मिटर कार्यसम्पन्न भएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं.-३ को प्रशासनिक भवन निर्माणको लागि ठेक्का आह्वान गरिएको छ ।
- सार्वजनिक सेवालाई छिटो, छरितो र सुविधायुक्त तरिकाले प्रवाह गर्नको लागि ७ नम्बर वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरी नव निर्मित भवनबाट सेवा प्रवाह सूचारु गरिएको छ ।
- गाउँसभाबाट योजना तथा बजेट विनियोजजन नगरी गाउँपालिकाबाट इन्धन खरिद गरी आफ्नै व्याक हो लोडर प्रयोग गरी विभिन्न सडक मर्मत तथा सरसफाई गरी १००८ घण्टाले हुन आउने रु.२९ लाख १५ हजार बराबरको काम भएको त्यस्तै गाउँपालिको एस्काभेटर प्रयोग गरी साना ठूला गरी १९ वटा सडक निःशुल्क रुपमा मर्मत, सरसफाई तथा स्तरोन्नती गरिएको छ । सोको लागत रु. ३ करोड ३९ लाख हुन आउछ । जसमा मट्यौली-बेप्ला-ओयाङ सडकनिर्माण गरी सो क्षेत्रका जनताहरुको आवतजावतलाई सहज गराइएको छ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः**

- ऐसेलुखर्क गाउँपालिकाभित्रका विपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्साङ्कन कार्य सम्पन्न गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि निर्माण गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं. ४ को दुधकोशीको देम्लीटार क्षेत्र, वडा नं ५ को दुधकोशीस्थित सानोडुम्रे, राखानी क्षेत्र र वडा नं. ६ को दुधकोशीस्थित सिलौरीघाट क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE)** तयार गरिएको छ ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

- चालु आर्थिक वर्षमा १ वटा ऐन, १ वटा निर्देशिका र ४ वटा कार्यविधि निर्माण तथा संशोधन गरिएको छ ।
- स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को आवश्यक पुष्ट्याईका कागजातहरुको (Means of Verification) व्यवस्था मिलाई तोकिएको समय सिमाभित्र स्वमुल्यांकनको कार्य सम्पादन गरिएको छ।
- यस कार्यालयबाट स्वतः प्रकाशन गर्नु पर्ने त्रैमासिक सूचनाहरु र त्रैमासिक रुपमा प्रकाशन गर्नु पर्ने प्रगति प्रतिवेदन आधिकारिक वेब साईटमा प्रकाशन गर्ने गरिएको छ ।

- **राजश्व प्रशासन**
- उद्योग वाणिज्य संघ ऐसेलुखर्कको समन्वय र ऐसेलुखर्क गाउँपालिकाको आर्थिक लगानीमा ३ दिने कर शिक्षा सम्बन्धि शिविर सञ्चालन गरी करको दायरामा ल्याउने काम गरिएको छ।

**पञ्जीकरण शाखा**

- जिल्ला प्रशासन कार्यालय, खोटाङमा गई दर्ता गरिएका व्यक्तिहरुको ६९८ थान राष्ट्रिय परिचयपत्र कार्ड गाउँ कार्यपालिकाको कार्यालयबाट बायोमेट्रिक रुजु गरी वितरण कार्य भइरहेको ।

**सार्वजनिक खरिद व्यवस्थापन**

- आ.व. २०८१/०८२ मा यस ऐसेलुखर्क गाउँपालिकाको स्वीकृत कार्यक्रम साथै संघीय समपुरक र विशेष अनुदान तर्फको कार्यक्रम र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानतर्फका रु. १० लाखभन्दा माथिका ८ वटा योजना विद्युतिय बोलपत्र (e-GP) को माध्यम, १ वटा योजना शिलबन्दी दरभाउ पत्र (हार्डकपि) माध्यम र ६ वटा प्रस्ताव माग (R.F.P) गरी कुल १५ वटा योजना सञ्चालन गरिएको छ ।

**न्याय**

- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७, ४८ र ४९ मा तोकिएको व्यवस्था र क्षेत्राधिकारमा रहेर न्याय सम्पादन गरिएको छ । यस आर्थिक वर्षभित्र न्यायिक समितिमा

परेका १० वडा उजुरीमध्ये गाउँपालिका अन्तर्गतको न्यायिक समितिबाट-४ वटा उजुरीको मेलमिलाप मार्फत न्याय सम्पादन गरिएको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म यस ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ तथा प्रदेश सरकारले अवलम्वन गरेका राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, नेपाल सरकारको दिगो विकास लक्ष, २०३० सम्मको मार्गचित्र, सोहौं पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, मध्यकालिन खर्च संरचना र आबधिक योजनाको मर्म र भावना अनुरुप साथै जनताको सामू गरिएका वाचा र प्रतिबद्धतालाई समेत ध्यानमा राख्दै ऐसेलुखर्क गाउँपालिकाका निवर्तमान जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल तथा दलका प्रतिनिधी ज्यूहरु, कर्मचारी ज्यूहरु, विद्यालयका प्रधानध्यापक ज्यूहरु, स्थानीय बुद्धिजीवि तथा सम्पूर्ण सरोकारवाला आम नागरिकहरुबाट लिखित तथा मौखिक रुपमा प्राप्त अमूल्य राय, सल्लाह, सुझाव र गाउँपालिकाको आवश्यतालाई समेत मध्यनजर गरी यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ

अब म ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०८२।०८३ का प्रमुख नीति तथा प्राथमिकताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहन्छुः

- गाउँपालिकाको आवधिक योजना,मध्यमकालिन खर्च संरचना (MTEF), बार्षिक नीति कार्यक्रम बीच तालमेल हुने गरीबार्षिक बजेट ल्याइनेछ ।
- गाउँपालिकाका गौरवका आयोजनाहरुलाई पहिलो प्राथमिकतमा राखी दिर्घकालिन विकासको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले गर्न नसक्ने ठूला आयोजनाहरुको लागि संघीय सरकार प्रदेश सरकारसँग बजेट माग गरिनेछ।गाउँपालिकलाई प्राप्त थोरै बजेटबाट अधिकतम प्रतिफल हासिल गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र साझेदारी गर्ने नीति लिइने छ ।

- गरिबी निवारणमा टेवा पुऱ्याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय स्तरबाट सञ्चालन हुने कार्यक्रमहरुमा हरेक वर्ग, समुदाय, क्षेत्रको सहभागिता सुनिश्चित गरीनुका साथै स्थानीय आवश्यकता प्राथकमिकिकरण गरी सन्तुलित हुने गरी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- ऐसेलुखर्कगाउँपालिकाको समग्र विकास निर्माणको लागि आर्थिक, सामाजिक, पूर्वाधार, विपद र सुशासनको क्षेत्रमा विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।
- पुर्वाधारतर्फका १० लाख भन्दा माथिका योजना,कार्यक्रमहरु सिलबन्दि बोलपत्र, दरभाउपत्रको माध्ययमबाट गर्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ ।सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थित गरिनेछ ।
- निर्माण शुरु भएका पुराना योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गरिनेछ भने हाल निर्माण कार्य शुरु भएका तर बजेट अभावले सम्पन्न हुन नसकेका योजना/आयोजनाहरुलाई क्रमागत रुपमा सम्पन्न गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शून्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अवलम्बन गर्दै लगिने छ ।
- सुशासन,पारदर्शी र जनमूखी सेवा प्रवाहमा गाउँपालिकाको विशेष जोड रहनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु।

**(क)आर्थिक विकासः**

**१. कृषि तथा पशुपन्छि विकासः**

- किसानहरुलाई कृषिमा आत्मनिर्भर बनाउन कृषि उत्पादनमा सहजता ल्याइ उत्पादनमा बृद्धि गर्न कृषकहरुको आबश्यकता र मागका आधारमा ८० प्रतिशत अनुदानमा अध्यक्ष कृषि यान्त्रिकिकरण कार्यक्रम कार्यक्रमलाई निरन्तरता दिइने छ।
- कृषि विशेषज्ञको सहयोगमा परिबर्तित जलवायु अनुकुलन हुने गरी खेती प्रणालिलाई विशेष जोड दिइनेछ ।स्थानीय सम्भाब्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरुको विकास, प्रसार तथा

उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ ।साथै कृषिको व्यवसायीकरण, आधुनिकीकरण र उत्पादनमा आधारित अनुदान तथा विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारीका अवसरहरु सृजना गर्न बजेट व्यवस्था गरिनेछ ।

- कृषकहरुको उत्पादित बस्तुहरुको लागत र बिक्रि मूल्य अनुपातको सन्तुलित व्यबस्थापनका लाग पहल गरिने नीति लिइनेछ ।
- पकेट विकास कार्यक्रम मार्फत साझेदारीमा व्यवसायिक कृषि तथा पशुपन्छि फार्महरुको सुदृढिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- तोरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत किसानहरुलाई उपलब्ध गराइदै आएको अनुदान कार्यक्रमलाई थप प्रभावकारी एवम् क्षेत्र विस्तार गरी तेलहन बाली (तोकिएको बाली) मा परिमार्जन गरी उत्पादनमा निश्चित सिमा तोकी सोही आधारमा अनुदान प्रदान गरी प्रोत्साहन गरिने छ ।
- किसानहरुको आय आर्जनमा वृद्धि गर्न मौरी पालन प्रवर्द्धनका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सहित किसानहरुको माग र आबश्यकताका आधारमा७५ प्रतिशत अनुदानमा आधुनिक मौरीका घार लगायतका सामाग्री वितरण गरी विशेष प्रोत्साहन गरिनेछ ।
- एक घर एक करेसावारीमा जोड दिईने छ यसका लागि किसानहरुलाई आबश्यक पर्ने कृषि औजार, विउ विजनहरु सहज रुपमा उपब्ध गराइने छ । ।आय आर्जन बढाउन बेरोजगार महिलाहरुलाई करेसाबारी खेतितर्फ प्रोत्साहन गरिने छ।
- किसान पहिचान परिचय पत्र प्रदानको लागि किसान सूचीकरण कार्यक्रमलाई पूर्णता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र कुल स्थानमा कुन कुन फलफुल र नगदेबाली हुन्छ भनी बिस्तृत अध्ययन गरिनेछ । माटो सुहाउदो फलफुलका विरुवा वितरणको लागि इकोहिमालसँग समन्वय गरिनेछ ।गाउँपालिकालाई प्याज, अकबरे खोर्सानी र अदुवामा पूर्णरुपमा आत्मनिर्भर बनाई निकासी बढाउन प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।
- गाउँपालिका क्षेत्रभित्र उत्पादित फलफुल तरकारी तथा नगदेबालीलाई सहज बजारीकरण गर्ने नीति लिइनेछ ।
- औषधिजन्य रैथाने बालीहरुको संरक्षणका लागि किसानहरुलाई प्रोत्साहित गरिनेछ ।

- किवी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई किवी पकेट क्षेत्रमा किवी थाक्रा व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा उत्पादित कृषि उपजको बजार प्रवर्द्धनका साथै ढुवानी गर्न गाउँपिकाले आबश्यक ब्यवस्था मिलाउनेछ ।
- बार्है महिना कृषिउपज संकलन तथा भण्डारणका लागि आबश्यक जग्गा व्यवस्थापन गरी शित भण्डार स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाउँपालिका क्षत्रमा अलैची उत्पादनमा सन्तोषजनक देखिएकोले कृषकहरुलाई थप प्रोत्साहन गरिनेछ साथै अदुवा,बेसार जस्ता नगदेबाली उत्पादनका लागि विशेष जोड दिइनेछ ।
- गाउँपालिकालाई मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन, मासुजन्य उत्पादन निर्यात गरी कृषकहरुको आम्दानीमा वृद्धि गर्न बाख्रा तथा बंगुरपालन गर्न विशेष जोड दिई प्रोत्साहनका कार्यक्रम ल्याइने छ ।
- सिंचाई सुविधा उपलब्ध नभएका स्थानहरुमा साना सिंचाई, सिंचाई पोखरी साथै प्लाष्टिक पोखरी निर्माणलाई निरन्तरता दिइनेछ ।
- कृषकको कृषि तथा पशुधन क्षतिको न्यूनिकरणको लागि बीमा कार्यक्रमलाई अगाडि बढाइने छ ।
- एक गाउँ एक प्राविधिकको अवधारणाको आधारमा एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- फलफूलका विरुवा तथा फलमा लाग्ने रोग किरा नियन्त्रणका लागि कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुपन्छिमा लाग्ने महामारी रोग तथा पशुपन्छि परजिवी नियन्त्रणका लागि शिविर सञ्चालन गर्दै भ्याक्सिनेशन कार्यक्रम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।सो कार्यका लागि आवश्यक औंषधिको व्यवस्था निःशुल्क रुपमा उपलब्ध गराइने छ ।
- कृषकहरुलाई कृषकको आबश्यकतानुसार निरन्तर रुपमा प्राविधिक ज्ञान प्रदान गर्नकृषकसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. उद्योग तथा वाणिज्य

- परम्परागत पेशामा आधारित औजार निर्माण गर्ने आरन, चुँदारा जस्ता पेसा व्यवसायहरुलाई सुदृढिकरणको गरिनेछ ।

- स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन प्रविधि हस्तान्तरण गरिनेछ।
- स्थानीय कच्चा पदार्थको प्रयोग हुने र आन्तरिक रोजगारी सिर्जना गर्ने गरी गाउँपालिका भित्र स्थापना भएका र हुने नेपाली कागज, अल्लो कपडा, जडिबुटी लगायतका रोजगारी उन्मूख उद्योगहरुलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण,अनुदान तथा राजश्व छुट गरी प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- बजार अनुगमनलाई कडा बनाई म्याद गुज्रिएका खाद्य वस्तुहरु तथा सामाग्रीहरुको बिक्री वितरणमा पूर्ण रोक लगाइने छ ।

## ३. सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता, रोजगारी, सशक्तिकरण, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम

- सहकारी तथा लघु उद्यम कार्यक्रमलाई गरिबी निवारण तथा न्यूनीकरणको प्रमुख आधार मानिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निस्क्रिय रहेका सहकारी संस्थाहरुको खारेजी तथा विघटन प्रक्रिया अगाडी बढाइने छ ।दर्ता हुन चाहने नयाँ कृषि सहकारी, श्रमिक तथा उपभोक्ता सहकारी संस्थाहरु दर्त्ता गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम, वृद्धिमूखी उद्यमशिलता कार्यक्रम मार्फत उद्यमी सृजना विभिन्न कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ
- राष्ट्रिय रोजगार कार्यक्रममा आ.व.२०८२/०८३ मा गाउँपालिकाले सत प्रतिशत साझेदारी गरी बेरोजगार सूचीमा सूचीकृत भई प्राथमिकताक्रम सूची बमोजिमका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम सय दिनको रोजगारी दिने कार्यलाई निरन्तरता दिइने छ ।
- राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालनको लागि योजनाहरुको आयोजना बैंक बनाइ सोही आधारमा सञ्चलन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, बेरोजगार व्यक्तिहरुको पहिचान र सूचीकरण कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।
- वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रमार्फत सहजिकरण गरिने छ ।
- रोजगारमूलक कार्यक्रमबाट सञ्चालित आयोजनाहरुलाई दीगो र गुणस्तरीय बनाउन निर्माण सामाग्रीको व्यवस्था गरिने छ ।
- बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी विभिन्न सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्नुका साथै सम्बन्धित तालिम केन्द्र सिफारिस गरिने छ ।
- रोजगार रणनीति कार्यान्वयनमा विशेष जोड दिइने छ ।
- प्रदेश सरकार र ऐसेलुखर्क गाउँपालिकाको साझेदारीमा सञ्चालनमा रहेको वृद्धिमूखी उद्याशीलता र रोजगारी कार्यक्रम(Entreneurship add Empioyment program) लाई आ.व. २०८२/०८३ मा पनि निरन्तरता दिइनेछ ।

## ४. पर्यटन विकासः

- गाउँपालिकाको पर्यटन गुरुयोजना बनाइनेछ । सो बमोजिम पर्यटकीय क्षेत्रको सम्भावना भएका, बाहाने पोखरी, देउराली, फापरश्वरा, ऐसेलुखर्क मुलधारा, माकीपा सपनेश्वर लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी स्रोतको व्यबस्थापन गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिका बाकाचोल स्थित महभीर झरनाको पर्यटन पूर्वाधारको काम थालनी गरिनेछ ।
- सम्भावित पर्यटन पदमार्गको विकासमा अधिकतम विकास गर्ने नीति अबलम्बन गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाका महत्वपूर्ण धार्मिक स्थल र पर्यटकीय स्थलहरु भएको प्रोफाइल तथा ब्रोसर निर्माण गरी प्रचार प्रसार गरिनेछ ।

## (ख)<u>सामाजिक विकासः</u>

## १.शिक्षाः

- तोकिएको मापदण्ड बमोजिम शिक्षक संख्या, विद्यार्थी संख्या र अन्य पूर्वाधार नपुग भएका विद्यालयहरुलाई तह घटुवा, मर्ज वा स्थगन गरी शिक्षक दरबन्दी मिलानलाई व्यवस्थित बनाइनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको "शिक्षा योजना" लाई प्रभावकारी बनाइनेछ ।अंग्रेजी गणित तथा विज्ञान विषयमा विद्यार्थी उतिर्ण दर बृद्धि गर्नको लागि तत् तत् विषयमा Extra Class सञ्चालनको लागि सबै माध्यामिक विद्यालयहरुमा आबश्यक व्यवस्था मिलाइनेछ ।
- शिक्षकहरुको पेसागत क्षमता विकासका लागि आबश्यक सबै खाले तालिम सञ्चालन गरिनेछ ।विभिन्न संघ संस्थासँग सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ समेतलाई आवश्यकताका आधारमा तालिम प्रदान गरिनेछ ।
- हरेक विद्यालयमा स्वच्छ तथा सफा बगैंचा तथा बाल उद्य्यन निर्माण कार्यलाई क्रमशः निरन्तरता दिइनेछ ।
- बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्न बाल क्लव, बालसमूहहरुको गठन तथा परिचालनमा जोड दिइनेछ ।
- आबश्यकताका आधारमा गाउँपालिका भित्रका माध्यामिक विद्यालयहरुलाई आवासीय विद्यालयको रुपमा क्रमशः विकास गर्दै लगिनेछ ।
- प्र.अ. सञ्चार खर्च, बालविकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीको थप तलब भत्तासाथै विद्यालयहरुलाई उपलब्ध गराइदै आएको थप मसलन्द खर्चलाई निरन्तरता दिइनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक सुधारका लागि जिम्मेवारी र जवाफदेही बनाइनेछ विपन्न दलित र असहाय वर्गका नागरिकहरुको पहिचान गरी त्यस्ता विद्यार्थीहरुलाई निशुल्क स्टेशनरी, पोशाक लगायतका अन्य सुविधा उपलब्ध गराइनेछ ।
- प्राविधिक विषयको शिक्षणलाई गुणस्तरीय बनाउँदै लगिनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुलाईSmart School को धारणा अनुरुपको प्रविधिमैत्रीबनाउन अधिकतम पहलगरिनेछ ।पठनपाठनलाई सहज बनाउन सबै विद्यालयहरुलाई डिजिटल स्मार्ट बोर्ड पुर्याउने लक्षकासाथ वितरणको कार्यलाई निरन्तरतादिइनेछ ।

- स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ।बहुभाषिक शिक्षण पद्दती अवलम्बवन गरी स्थानीय मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी पठनपाठन गरिनेछ।
- हरेक सामुदायीक विद्यालयहरुमा साप्ताहिक अतिरिक्त क्रियाकलाप अन्नतरगत परम्परागत कला र संस्कृतिसँग सिपसँग जोडएका विषयहरुमा अभ्यास गराइनेछ ।
- विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयका प्रधानाध्यापक र विषयगत शिक्षकहरु बीच सूचक र कार्ययोजना सहित कार्यसम्पादन करार गरी नतिजालाई मापणयोग्य बनाइनेछ ।सोहि आधारमा प्रधानाध्यापक र विद्यालयलाई थप प्रोत्साहन र पुरस्कार प्रदान गरिनेछ ।
- समस्यामा परेका, अभिभावक विहिन, अल्पसंख्यक समुदायका, विपन्न दलित, अपाङ्गता भएका र कमजोर आर्थिक अवस्थाका बालबालिकाहरुलाई माध्यमिक तह सम्मको शिक्षा पूर्ण निशुल्क गर्ने व्यबस्था गरिनुका साथै गरीब, असहाय, अपाङ्ग तथा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षणलाई थप व्यवस्थित र कडा पारिनेछ ।
- विद्यालयको शैक्षिक क्षती न्यूनिकरण गर्दै प्रभावकारी पठन पाठन सञ्चालन गर्नको निम्ति जगेडा शिक्षक कोषलाई निरन्तरता दिइनेछ ।
- विद्यालय तहको वार्षिक परी क्षा तथा SEE परीक्षालाई व्यवस्थित र मर्यादित बनाउदैं लगिनेछ, साथै आधारभूत तथा माध्यमिक तहमा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको भौतिक संरचना निर्माण तथा सुधारमा जोड दिइनेछ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- सबै सामुदायिक विद्यलयहरुको बिग्रिएका कम्प्युटर लगायतका उपकरणहरूको मर्मतको व्यवस्था मिलाइनेछ ।
- सेनिटरी प्याडको निशुल्क वितरण कार्यलाईनिरन्तरता दिदै थप व्यवस्थित गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा स्वास्थ्य र सरसफाई कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

- विद्यालयस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई थप बजेट व्यवस्थापन गरीनेछ । तेक्वान्डो खेललाई उक्त प्रतियोगिताको खेलको अंगको रुपमा निरन्तरत दिइनेछ ।
- प्राविधिक विषयतर्फ दिइदै आएको छात्रवृतिलाई निरन्तरता दिइने छ ।

**२.युवा तथा खेलकुदः**

- युवाहरुमा भएको युवा जोस, जागर, क्षमता साहसलाई विभिन्न क्षेत्रको विकास तथा सामाजिक तथा विपद उद्धार कार्यमा उपयोग गर्नको लागि युवा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने राष्ट्रिय नारालाई मध्यनजर गर्दैसबै खालका खेलको आयोजना गरी गाउँपालिकाले राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको खेलाडीहरुको उत्पादनका लागि निरन्रतर रुपमा पहल गर्नेछ ।सो को लागि आबश्यक बजेटको व्यबस्थापन गरिनेछ ।
- खेलकुद क्षेत्रको विकासका लागि गाउँस्तरीय खेलकुद विकास समितिलाई क्रियाशिल बनाई खेलकुदको क्षेत्रलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।
- गाउँपालिका तथा वडा स्तरमा आयोजना भएका खेलकुद प्रतियोगिताबाट छनौंट भएका प्रतिभाशाली खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा थप अवसरहरु प्रदान गरिनेछ ।
- विद्यालयस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई थप बजेट मार्षलआर्टलाई समेत उक्त प्रतियोगितामा समावेश गरी समग्र खेलकुद क्षेत्रको प्रतिभा पहिचान गरिने छ ।
- गाउँपालिकास्तरीय गा.पा. अध्यक्ष कप तथा अन्तर पालिका स्तरीय खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ऐसेलुखर्क राजभण्डारी खेलमैदान निर्माण तथापालिका स्तरीय कवर्ड हल निर्माणको लागि पहल गरिने छ ।प्रत्येक वडाहरुमा निर्माण भएका खेल मैदानहरुको स्तरोन्नती गर्दै लगिने छ ।
- ऐसेलुखर्कबाट राष्ट्रिय तथा अन्तराष्ट्रियसहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यबस्था गरिनेछ ।

**३. स्वास्थ्यः**

- ऐसेलुखर्क गाउँपालिकाको गौरवको आयोजनाको रुपमा निर्माण सम्पन्न भएको १५ शैया अस्पताललाई पूर्ण र व्यबस्थित रुपमा सञ्चालनमा ल्याउन अधिकतम प्रयास गरिनेछ । आबश्यक औजार उपकरणको व्यबस्था गरिनेछ र सो अस्पतालको नाम पारित गरी प्रयोगमा ल्याइनेछ ।
- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवालाई अझ गुणस्तरीय र सेवामुखी बनाइदै लगिनेछ ।
- स्वास्थ्य चौकी बाकाचोल र स्वास्थ्य चौकी जलेश्वरीमा आ.व.२०८२/०८३ को शुरु देखि नै बर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ । स्वास्थ्य संस्थाहरुमा रहेको प्रशुति केन्द्रहरुको गुणस्तर सुद्रिढ गर्न थप उपकरणको व्यवस्थापन गरिने छ।
- नेपाल सरकारले स्वास्थ्य संस्थाबाट निःशुल्क वितरणका लागि सूचीकृत गरेका औषधि तथा औषधि जन्य सामग्रीहरु र प्राथमिक स्वास्थ्य केन्द्रबाट ईमर्जेन्सी सेवामा वितरण गरिदै आईरहेका थप प्रकारका औषधि तथा औषधिजन्य सामाग्रीको आपूर्तीलाई समेतलाई निरन्तरता दिइनेछ ।
- ऐसेलुखर्क गाउँपालिकामा बसोवास गर्ने नागरिकहरुलाई स्वास्थ्य विमा सेवामा आवद्ध गराइने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कबाट निःशुल्क रुपमा प्रदान गरिदै आएको प्रयोगशालामा जाँचका सम्पूर्ण सेवाहरु, एक्सरे सेवा तथा भिडियो एक्सरे सेवाहरू, ओ.पि.डी. तथा इमर्जेन्सी सेवाहरुलाई निरन्तरता दिदै थप प्रभावकारी बानाइनेछ ।
- माहामारी रोकथाम तथा नियन्त्रणका आवश्यक व्यवस्था मिलाउनुका साथै सहयोगी संघ संस्थाहरुसँग समन्वय र सहकार्यलाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य संस्थाहरुलाई थप व्यवस्थित बनाइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुले पुर्याउनुभएको स्वास्थ्य सेवाको उच्च मुल्यांकन गर्दै अघिल्ला वर्षहरुमा दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइने छ र क्षमता विकासको तालिम दिइनेछ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका लागि तथा अति विपन्न नागरिकहरुलाई ऐसेलुखर्क गाउँपालिकाभित्र निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइने छ ।
- महिलाहरुको पाठेघर सम्बन्धी स्वास्थ्य शिविर र आँखा शिविर सञ्चालनको लागि पहल गरिनेछ ।

- गर्भवतिहरुलाई दिइदै आएको ग्रामिण भिडियो एक्सरे कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ज्येष्ठ नागरिक तथा दिर्घरोगी स्वास्थ्यकर्मी कार्यक्रम मार्फत ग्रामिण स्वास्थ्य परीक्षण सेवालाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।
- मानसिक स्वास्थ्य जनचेतनामूक कार्यक्रमलाई व्यापक बनाइनेछ।साथै लागूपदार्थ दुर्व्यसन न्युनीकरणका लागि सचेतना कार्यक्रम सञालन गरिनेछ ।
- गाउँपलिकामा भएका 'क', 'ख' र 'ग' बर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क रुपमा स्वास्थ्य विमामा आबद्ध गराइनेछ ।
- आयुर्वेद स्वास्थ्य उपचार पद्दती प्रोत्साहित गर्न स्थानीय स्तरमा प्राप्त हुने जडिबुटीको पहिचान र प्रशोधनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

## ४. खानेपानी तथा सरसफाइः

- सबै नागरिकलाई स्वच्छ गुणस्तरीय खानेपानी सहज र सरल रुपमा उपलब्ध गराउन खानेपानी नपुगेका घरधुरीमा खानेपानी पुर्याउनुका साथै"**एक घर एक धारा, गाउँपालिकाको मुख्य अभिभारा**"को नारा अनुसारकार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सम्पन्न भै हाल सञ्चालनमा रहेका खानेपानीको संरचनाहरुलाई आबश्यकतानुसार मर्मत सम्भारको व्यवस्था मिलाइनेछ । सो का लागि सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितहरुलाई सक्रिय बनाइनेछ ।
- ऐसेलुखर्क गाउँपालिका बजार क्षेत्रमा फायर फाइटिङ सहितको खानेपानी संरचना निर्माणको लागि सम्भाब्यता अध्ययनको कामलाई तत्कालै अघि बढाईने र सो संरचना निर्माण आ.व.२०८२/०८२ मा सम्पन्न गर्न पहल गरिनेछ ।
- सुख्खा क्षेत्रमा समेत खानेपानी पुऱ्याउनको लागि अन्य विकल्पको खोजी गरिने छ ।
- गाउँपालिका क्षेत्रिभित्रका फोहोर मैलाहरुलाई उचित व्यवस्थापनको लागि उपयुक्त स्थानमा डम्पिङ साईडको खोजीगरी दीर्घकालिन योजना निर्माण गरिनेछ । ऐसेलुखर्क बजार क्षेत्रको फोहोर मैला व्यवस्थापन प्राथमिकताका साथ गरिनेछ ।

- खानेपानीको स्रोत संरक्षणको लागि पुराना तथा ऐतिहासिक कुवा, पँधेरो, जरुवालाई मर्मत, सम्भार गरी संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।
- ऐसेलुखर्क गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिक घोषणाका लागि आवश्यक कार्ययोजना निर्माण गरी अघि बढ्ने नीति लिईनेछ ।

## ५. कला, साहित्य तथा संस्कृतिः

- गाउँपालिकाभित्र बसोवास गर्ने सबै जातजातीहरुको भाषा, धर्म कला, साहित्य, संगित र साँस्कृति, वर्ण र लिपीको संरक्षणको लागि अनुसन्धानात्मक कार्यलाई प्राथमिकतामा राख्नुका साथै गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्त्वका स्थानहरुको संरक्षण र सम्वद्धर्न गर्न विशेष जोड दिइनेछ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ महेश्वरीमा निर्माणाधिन किरात संग्राहालय भवनको निर्माण सम्मन्न गरिनेछ ।
- परम्परागत जात्रा, बाजागाजा, चाडपर्व, मेला, ग्रन्थ, पेशा, गुठीलाई समुदायको अपनत्त्व र संलग्नतामा सम्बर्द्धन तथा संरक्षणमा विशेष जोड दिइनेछ।

## ६. सामाजिक समावेशिकरण, महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकः

- जेष्ठनाकरिहरुलाई नियमित स्वास्थ्य परमार्श, न्यानो कपडा वितरण, निशुल्क उपचार शिविर, दिवासेवा केन्द्र स्थापना, अनुभव संकलन लेखन तथा अभिलेखाङ्कन जस्ता कार्य सञ्चालनमा ल्याइनुका साथै विशेष सम्मानका कार्यक्रम राखिनेछ ।
- आ.व. २०८२/०८३ मा ऐसेलुखर्क गाउँपालिकालाई वालश्रममुक्त गाउँपालिका घोषणाका लागि विशेष पहल गरिनेछ र बालमैत्री गाउँपालिका बनाउन जोड दिईनेछ ।
- हाल सञ्चालनका रहेको अपाङगता रोकथाम तथा पुनः स्थापना कार्यक्रमलाई निरन्तरता दिदै थप बृहत रुपमा सञ्चालन गरिनेछ ।
- 'ग' वर्गको अपाङ्ग कार्ड प्राप्त व्यक्तिहरुलाई उपलब्ध गराइँदै आएको भत्ता रकमलाई निरन्तरता दिइने छ ।

- महिलाहरुको क्षमता अभिवृद्धिका लागि आधुनिक सिप तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।विपन्न तथा एकल महिलाहरुको क्षमता अभिवृद्धि तथा आर्थिक अवस्थामा सुधार ल्याउन विशेष जोड दिइनेछ ।
- महिला तथा बालबालिकासँग सम्बन्धित दिवसहरुमा विभिन्न सचेतनामूक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला तथा वालवालिका माथि हुने सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- बाल विवाह न्यूनिकरणका लागि समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिका र युवाहरुमा धुम्रपान, मदिरापान तथा लागू औषधको कुलत न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैंगिक एवं जातिय छुवाछुत विरुद्ध सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ । लैङ्गिक एवम् जातिय छुवाछुतलाई दण्डनीय बनाइने छ ।
- दलित, पिछडिएका वर्ग, अल्पसंख्यक तथा विपन्न वर्गको जिविकोपार्जन तथा जीवनस्तर सुधारको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- सिमान्तकृत र अतिसिमान्तकृत र लोपोन्मुख जाती, समुदाय संरक्षणको लागि गाउँपालिकाले विशेष पहल गरिनेछ ।
- विभिन्न वर्ग र समुदायका अति विपन्न र विपन्न वर्ग तथा समुदायका लागि प्रदेश सरकारसँगको समन्वयमा नगरिक आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) पूर्वाधार विकासः**

- गाउँपालिकाको प्रशासनिक भवन आ.व. २०८२/०८३ को शूरु देखि नै पुर्णरुपमा सञ्चालनमा ल्याइनेछ ।भवनको रिटनिङ वाल, कप्पाउण्ड लगायतको व्यबस्थापन गर्ने कार्य सम्पन्न गरिनेछ ।
- आ.व.२०८२/०८३ मा ऐसेलुखर्क गाउँपालिका ३ नं. वडाको पक्की प्रशनसनिक भवनको निर्माण कार्य सम्पन्न गरिनेछ । भने १, ४ र ५ नं. वडाको प्रशासनिक भवनको निर्माण कार्य शूरु गरिनेछ ।
- आ.व. २०८२/०८३ मा लिदिङखोला पूल सम्पन्न गरी सञ्चलनमा ल्याइनेछ ।
- गाउँपालिकाभित्र निर्माण कार्य सुरु भई सम्पन्न हुन बाँकी रहेका अधुरा आयोजनाहरुलाई प्राथमिकतामा राखी निर्माण कार्य सम्पन्न गरिनेछ ।

- ऐसेलुखर्क गाउँपालिका वडा नं.-५ महेश्वरीमा स्वास्थ्य चौकी भवन निर्माण गरिनेछ ।
- ऐसेलुखर्क लिदिङ खोला सडकलाई स्तरोन्नती गरिने छ ।
- ऐसेलुखर्क गाउँपालिका केन्द्रबाट वडा कार्यालय जोड्ने मुख्य सडकहरु, गाउँ, टोल, बस्तीस्तरबाट वडा कार्यालयसम्म जोड्ने सडकहरुको स्तरोन्नती तथा मर्मत कार्य गाउँ कार्यपालिका बैठकबाट आबश्यकता र प्राथमिकताक्रम निर्धारणको आधारमा गाउँपालिकाको एस्काभेटर प्रयोग गरी निर्माण, स्तरोन्नती तथा मर्मत कार्य गरिनेछ ।
- ऐसेलुखर्क नोरुङ दुवेकोल हुदै रावाबेसी र ऐसेलुखर्क माक्पा हुँदै जालपा जोड्ने क्षत्रीय सडकहरुको बाह्रै महिना यातयात सञ्चालन हुने गरी नियमित मर्मत सम्भार गरिनेछ ।
- ऐसेलुखर्क गाउँ पालिकाको यातायात गुरुयोजना अनुसार सडक मापदण्ड कायमका लागि पहल थालिनेछ ।
- ऐसेलुखर्क चक्रपथको सम्भाब्यता अध्ययनको बाकी कार्य आ.व.२०८२/०८३ मा सम्पन्न गरिनेछ ।
- मुख्य सडकरहरुमा Information Sing Board राख्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाका ठुला तथा गौरवका सडकहरुमा सवारी सुरक्षाको निम्ति जोखिमयूक्त तथा आति आबश्यक स्थानहरुमा सडक बार लगाउने कार्यको थालनी गरिने छ ।
- ऐसेलुखर्क बजार ढलान कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाको सबै क्षेत्रका सबै घरधुरीमा केन्द्रीय विद्युत प्रशारण लाईन पुगे नपुगेको सर्वेक्षण गरी विद्युत नपुगेका घरमा बत्तको बैकल्पिक व्यबस्था गरिनेछ ।
- ऐसेलुखर्क बजार क्षेत्रमा केन्द्रिय विद्युत लाइनबाट सडक बत्तिको व्यबस्था गरिने छ ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

- गाउँपालिका भित्र रहेका सामुदायिक बन उपभोक्ता समूहलाई सक्रिय बनाइ आबश्यक अन्तरक्रिया र छलफल गरी बन संरक्षणमा जोड दिइनेछ

- निजी बन कटानको कार्य दिनदिनै भै रहेको अवस्थामा पानीका मुहान समेत सुक्ने समस्या भएकोले सो हुन नदिन फडानी सँगै वृक्षरोपण "**जस्को रुख उसकै रोपण"** कार्यक्रम सञ्चालन गरिनेछ ।
- खानेपानीको मुहान भएको स्थानमा सडक निर्माण गर्न निरुत्साहित गरिनेछ ।
- सुक्खा मौसममा हुने आगलागी तथा वन डढेलोबाट हुने क्षती न्यूनिकरणको लागि सुरक्षा निकाय, रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्युनिकरण तथासचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्रीहरु मौज्दात राखिने छ । पूर्वाधार विकास अन्तर्गतका सबै खाले विकासका कामलाई विपद् न्यूनिकरण एवम् वातावरण मैत्री ढंगबाट सञ्चालन गर्ने नीति अवलंवन गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको दुधकोशी जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि निर्माण गरिएका पानी श्रोत, संरक्षण खेती, सुख्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण तथा कंटुर ट्रेन्च जस्ता क्रियाकलापहरुको यथोचित मर्मत सम्भार गरी जलाधार व्यबस्थापन सम्बन्धी अन्य क्रियाकलापमा विशेष जोड दिइनेछ ।
- गाउँ विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइ विपद् पूर्वतयारी र योजना निर्माण गरी कार्यान्वयन गरिने छ।
- विपद प्रभावित घर परिवारको बस्नै नहुने गरी घर क्षेती भएको अवस्थामाजिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी अस्थायी आबास र निजी आबास बनाउन विशेष पहल गरिनेछ ।
- आगलागि भएमा तत्कालै नियन्त्रणका लागि सार्वजनिक कार्यालयहरुमा Fire Xtinguisher**को व्वबस्थापन गरिनेछ ।**
- गाउँपालिकामा विपद् व्यवस्थापन कोषलाई थप मजबुद बनाउदै लगिनेछ ।

## (ङ) सुशासन तथा संस्थागत विकासः

- हालको विकसित प्रविधि अनुसार बैंकिङ लगायत अन्य विभिन्न कारोबारहरु सहज रुपमा  गर्नको लागि डिजिटल सक्षम नागरिक कार्यक्रम तथा कृतिम बैद्धिकता (Artificial Intelligence) (AI)को बारेमा लक्षित वर्गहरुलाई सक्षमता कार्यक्रम सन्चालनका ल्याइनेछ ।
- गाउँपालिका सबै गतिविधि गाउँपालिकाको वेभ साइडमा समयमै राखिनेछ र वेभसाइडलाई समयसापेक्ष परिमार्जन गरी थप प्रभावकारी बनाईने छ ।

- इन्टरनेट सेवालाई भरपर्दो र विश्वासिनिय बनउने उपायहरुको खोजी गरिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीलाई प्रविधिमैत्री एवं समसामयीक क्षमता विकासका तालिम बनाउन  कार्यक्रम संचालन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिको अधिकतम प्रयोगलाई जोड दिइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन नागरिक सहायताकक्ष(Help Desk)निर्माण गरिनेछ ।सबै वडा कार्यालयहरुमा समेत गुनासो पेटिका राखिनेछ ।विभिन्न माध्यमबाट प्राप्त गुनासाहरु अध्ययन गरी समयमै सम्बोधन गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणआदि हालको व्यबस्थालाई निरन्तरा दिई सुशासनमा जोड दिइनेछ ।
- सार्वजनिक खरिदलाई अझ थप पारदर्शी, प्रतिष्प्रधि, मितव्ययी र पाभावकारी बनाइ खरिद सुशासन कायम गर्न प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।
- गाउँपालिकाले गरेका काम तथा सेवा प्रवाहका विषयमा रेडीयोसँगको सहकार्यमा अन्तिम तैमासिकमा कम्तिमा एक पटक वडा बहस र पालिका बहस कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहलाई गाउँपालिका आमनागरिकले कसरी बुझेका छन भनी बुझ्न कम्तिमा बर्षको दुइ पटक गाउँपालिकाको वडा कार्यलय वा पायक पर्ने स्थानमा "**जनतासँग जनप्रतिनिधि**" कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै सार्वजनिक जग्गाहरुको संरक्षणमा जोड दिइने छ ।
- कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिदै थप प्रभावकारी बनाइने छ ।
- गाउँपालिकाको प्रोफाइल अध्यावधिक गरी डिजीटल प्रोफाइल निर्माणको काम सम्पन्न गरिनेछ ।
- कर्मचारी कल्याणकोषलाई थप मजबुद बनाउदै लगिनेछ ।

- न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालनमा ल्याइने छ ।
- न्याय सम्पादनमा सहजता ल्याउनुका साथैन्यायिक कार्यलाई छिटो, छरितो बनाइने छ ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ
- गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड-२०७२ लाई लागू गरिने र यस गाउँपलिकाले नक्सा पास प्रक्रियालाई सहज र सरलिकृत गर्ने नीति लिइने छ ।
- पत्रकार महासंघ खोटाङलाई मजबुद बनाउन महासंघको आपतकालिन कोषमा सहयोग गरिनेछ ।

**राजश्व परिचालनः**

- कर व्यवस्थापनका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- करका दरहरुलाई वस्तुनिष्ठ एवं वैज्ञानिक बनाइ करका दायरालाई फराकिलो बनाउन करको नयाँ क्षेत्रहरुको खोजी गरिनेछ ।करलाई भारको रुपमा हैन कर्तब्य र दायित्वको रुपमा लिने वातावरण श्रृजना गरी कार्यान्वयनका ल्याइनेछ ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेको बालुवा, गिटी, ढुंगा जस्ता नदिजन्य बस्तुहरुको उत्खननको लागि वातावरणीय प्रभाव मूल्यांकन (IEE)सम्पन्न गरिएको हुँदासोही अनुसार मात्र उत्खनन् कार्य अगाढी बडाउने कार्यलाई कडाइका साथ लागू गरिनेछ ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन कर प्रणालीमा सुधार, करदाता शिक्षा कार्यक्रम सञ्चालन, कर छलि तथा चुहावट नियन्त्रणको लागि अनुगमन जस्ता कुराहरुलाई प्रभावकारी बनाइनेछ ।
- लेखा परीक्षणबाट देखिएका बेरुजुलाई फछ्र्यौट गरी बेरुजुलाई कडाइकासाथ अशुल, नियमित गरिनेछ ।
- कर संकलन सम्बन्धी विभिन्न अभिमूखिकरण तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

- आ.ब. २०८२/०८३ मा पनि ऐसेलुखर्क उद्योग बाणिज्य संघको सहकार्यमा व्यवसाय दर्ता, नविकरण र व्यवसाय  कर उठाउने कार्यमा सहकार्य र साझेदारी गरिनेछ र कर अशुली कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- गत आ.व.हरुमा करको दायरमा नसमेटिएका निकासी पैठारी कर एवं दस्तुरहरु आ.व. २०८२/०८३ मा समेट्ने गरी आर्थिक ऐन ल्याइनेछ ।
- गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि राजश्व सुधार योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

**अन्त्यमा,**

विकास सबैको सहयोग, सहकार्य र सहजीकरणबाट मात्र संभव हुने भएकोले यस ऐसेलुखर्क गाउँपालिकाको समृद्धि र विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्नहामी सबैले ऐक्यबद्धता र हातेमालो गर्दैसमन्वय र सहयात्राका साथ अगाडी बढौं भन्ने हार्दिक अपिल गर्दछु र सबै सरोकारवाला गाउँपालिकाबासी आम नागरिकहरुबाट सकरात्मक खबरदारीको अपेक्षा लिएको छु ।यो नीति कार्यक्रमलाई जनमुखी बनाउनआवश्यक तयारीको लागिसल्लाह, सुझाव, परामर्श दिई विकासप्रतिको पथप्रदर्शन, मार्गदर्शन प्रदान गर्नु हुने यस गाउँपालिका स्थित बिभिन्न राजनीतिक दलका प्रतिनीधि ज्यूहरु, नागरिक समाज, बुद्धिजिवी, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, ऐसेलुखर्कबासी आम दाजुभाई तथा दिदीबहिनीहरु तथा सरोकारवालाहरुको योगदानलाई उच्च सम्मान गर्दै  विशेष धन्यवाद दिन चाहन्छु र यो नीति कार्यक्रम कार्वान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**